## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः ०१-२०८१/०८२

मिति २०८१/०४/१६

समयः दिनको ११:०० बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| श्री हुम माया खान | गा.का.पा. सदस्य |
| श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री गौरी प्रसाद आचार्य | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०८१/०४/१६** **वैठक संख्याः ०१-२०८१/०८२**

**प्रस्तावहरुः**

१. समीक्षा सम्बन्धमा
२. आ.व. २०८१/०८२ को लागि दररेट स्वीकृत गर्ने सम्बन्धमा
३. मानव अधिकार समिति सम्बन्धमा
४. न्यायिक सहजकर्ताको लागि साझेदारी बजेट व्यवस्थापन सम्बन्धमा
५. नवप्रवर्तन साझेदारी कार्यक्रम छनौट सम्बन्धमा
६. पुरानो भाडामा लिएको प्रशासकीय भवन रंगरोगन सम्बन्धमा
७. सामी कार्यक्रम सञ्चालनको लागि वडा छनौट सम्बन्धमा
८. मेड्पा कार्यक्रम सञ्चालनको लागि वडा छनौट सम्बन्धमा
९. घ वर्गको इजाजत पत्र सम्बन्धमा
१०. देवघाट पुलको मुख गणेश टोल विद्युत व्यवस्थापन सम्बन्धमा
११. नयाँ प्रशासकीय भवनको झ्यालको टपमा छानो लगाउने सम्बन्धमा
१२. सार्वजनिक विदा सम्बन्धमा
१३. पदमार्गको टेण्डर प्रकृया अगाडि बढाउने सम्बन्धमा
१४. इन्धन आपूर्तिकर्तासँग सम्झौता गर्ने सम्बन्धमा
१५ इलाका प्रहरी कार्यालय देवघाट र अस्थायी प्रहरी कार्यालय, देवघाट-२ खाल्टेलाई इन्धन उपलब्ध गराउने सम्बन्धमा ।
१६. बिहानी ब्रोडकास्टिङ्ग प्रा.लि. र रेडियो देवघाटको कार्यक्रम सम्झौता एवं बजेट रकम सम्बन्धमा ।

**निर्णयहरुः**

**गाउँ कार्यपालिकाको वैठकमा देहाय बमोजिमका निर्णयहरु सर्व सम्मत रुपमा गरियो ।**

**निर्णय नं. १:** यस अधिका कार्यपालिका वैठकमा भएको निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं. २:** देवघाट गाउँपालिकाको आ.व. २०८१/०८२ को लागि कामदारको ज्याला, निर्माण सामाग्रीको दररेट, वस्तु तथा सेवा खरिद सम्बम्धी विविध कार्यको दररेट निर्धारण गर्नको लागि विभिन्न सरोकारवाला संघ संस्थाहरुसँगको छलफल एवं तनहुँ जिल्ला र चितवन जिल्लाको दररेटको आधारमा सिफारिस समितिले पेश गरेको आ.व. २०८१/०८२ को देवघाट गाउँपालिकाको दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** महिला,शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघको प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना (आ.व. २०७९/०८० – २०८१/२०८२) को दफा १२.५ बमोजिम यस देवघाट गाउँपालिकामा निम्न बमोजिमका विभिन्न कार्यालय, संघसंस्था ,सुरक्षा निकाय,सञ्जाल, समूह र द्वन्दबाट प्रभावित(पीडित) आदि सबैको प्रतिनिधित्व हुने गरी देहायबमोजिमको पदाधिकारी रहने गरी देवघाट गाउँपालिका कार्ययोजना कार्यान्वयन स्थानीय समिति गठन गर्ने निर्णय गरियो । साथै महिला,शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोस्रो

राष्ट्रिय कार्ययोजना (आ.व. २०७९/०८० – २०८१/२०८२) कार्यान्वयन गर्ने निंकायहरू वीच समन्वय गरी कार्यान्वयन गर्ने समेत निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | संघसंस्था | नाम, थर | पद |
|---|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | श्री तिल बहादुर थापा | अध्यक्ष |
| २ | गाउँपालिका उपाध्यक्ष | श्री भुवन सिं गुरूङ | सदस्य |
| ३ | प्रमुख प्रशासकीय अधिकृत, देवघाट गाउँपालिका | श्री गौरी प्रसाद आचार्य | सदस्य |
| ४ | सामाजिक विकास समिति संयोजक | श्री मित्र लाल गुरूङ | सदस्य |
| ५ | देवघाट इलाका प्रहरी कार्यालय ईन्चार्ज | श्री ध्रुव नारायण श्रेष्ठ | सदस्य |
| ६ | द्वन्द प्रभावित परिवार | श्री किरण सुवेदी | सदस्य |
| ७ | कार्यपालिका सदस्य (महिला) | श्री याम माया गुरूङ | सदस्य |
| ८ | शिक्षा, युवा तथा खेलकुद शाखा अधिकृत | श्री होमनाथ लामिछाने | सदस्य |
| ९ | देवघाट युवा तथा खेलकुद समिति अध्यक्ष | श्री अमर बहादुर फेवाली | सदस्य |
| १० | स्वास्थ्य शाखा प्रमुख, देवघाट गाउँपालिका | श्री प्रदिप बुढाथोकी | सदस्य |
| ११ | मेडिकल अधिकृत (धर्मार्थ अस्पताल) | श्री डा. सुरज कुमार गुप्ता | सदस्य |
| १२ | रेडक्रस सोसाइटी (देवघाट शाखा) प्रतिनिधि | श्री माधव प्रसाद उपाध्याय | सदस्य |
| १३ | प्रशासन शाखा, अधिकृत देवघाट गाउँपालिका | श्री गोविन्द प्रसाद पौडेल | सदस्य |
| १४ | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा, देवघाट गाउँपालिका | श्री सपना क्षेत्री | सदस्य |
| १५ | महिला सञ्जाल अध्यक्ष, देवघाट गाउँपालिका | श्री राधादेवी खनाल | सदस्य |
| १६ | दलित सञ्जाल अध्यक्ष, देवघाट गाउँपालिका | श्री चन्द्र प्रकास वि.क. | सदस्य |
| १७ | एकल महिला सञ्जाल अध्यक्ष, देवघाट गाउँपालिका | श्री निर माया सिंजाली | सदस्य |
| १८ | उद्योग शाखा (उद्यम विकास कार्यक्रम), अधिकृत | श्री कृष्णराज पन्त | सदस्य-सचिव |

**निर्णय नं. ४:** देवघाट गाउँपालिका न्यायिक समितिको काम कारबाहीमा सहजीकरण गर्न तथा कार्यालयको दैनिक प्रशासनिक कार्यमा आई पर्ने विभिन्न कानूनी समस्या समाधानका लागि कानूनमा स्नातकोपाधि प्राप्त गरेको न्यायिक सहजकर्ता आवश्यकता परेको हुँदा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मिति २०८१/०४/११, च.नं. ८५ को पत्र बमोजिम न्यायिक सहजकर्ता माग गर्ने र सोका लागि आवश्यक पारिश्रमिकमा यस गाउँपालिकाले २५% लागत साझेदारी व्यहोर्ने प्रतिवद्धता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५:** मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, गण्डकी प्रदेश, पोखराद्वारा मिति २०८१/०४/१३ गते प्रकाशित सूचना अनुसारको मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा ११ बमोजिमको प्रस्ताव पेश गर्न यस गाउँपालिका योग्य भएकोले **"देवघाट सुन्तला व्यवसायिक**

**उत्पादन, बजारीकरण तथा प्रशोधन"** विषयमा प्रस्ताव पेश गर्ने र सो कार्यक्रम कार्यान्वयनका लागि आवश्यक रकम लागत साझेदारी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६:** देवघाट गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्य सञ्चालनको क्रममा मिथिला विहारी-५ निवासी शुशिला देवी उपाध्यायको नाममा रहेको देवघाट गाउँपालिका वडा नं. ५ मा रहेको २ तलाको पक्की घर (सभाहल समेत) र देवघाट-५ निवासी देवीकला सापकोटाको नाममा रहेको २.५ तलाको पक्की घरको साविकको सम्झौता वमोजिम रंग रोगन तथा मर्मत कार्यका लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो । साथै उक्त भवन मर्मत तथा रंग रोगन गरी तत्काल बुझाउनुपर्ने भएकोले उक्त कार्य गर्नको लागि ५ दिने सूचना प्रकाशन गरी घटिघटाउमा काम गर्न गराउनको लागि आवश्यक प्रकृया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ७:** यस देवघाट गाउँपालिकामा सुरक्षित आप्रवासन (सामी) कार्यक्रमले वैदेशिक रोजगारमा रहेका परिवारहरुलाई प्रभावकारी सेवा प्रदान गरेको र थप सेवा प्रदान गर्नुपर्ने आवश्यक देखिएको हुँदा देवघाट गाउँपालिकाको पाँच वटै वडाहरूमा लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** यस देवघाट गाउँपालिकामा गरिवी निवारणका लागि लघु उद्यम विकास (मेड्पा) कार्यक्रमले गरेका कामको समीक्षा गर्दै पुनः यस आ.व. मा पनि पाँच वटै वडाहरूमा लागू गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९:** तपसिल बमोजिमको प्रकृया पुर्याई आएका फर्म तथा संस्थाहरुलाई 'घ' वर्गको इजाजत पत्र दिने निर्णय गरियो ।

क) माता हरि निर्माण एण्ड इन्जिनियरिङ्ग प्रा.लि. (पान नं. ६१९८९८६७२)
ख) प्रेस्टिज ईन्जिनियर्स एण्ड बिल्डर्स (पान नं. ६१०२७०६९३)

**निर्णय नं. १०:** देवघाट गाउँपालिका वडा नं. ५ स्थित देवघाट पुल मुख गणेश टोलमा हाल विद्युतको जडानको अवस्थाको कारणले दुर्घटना हुन सक्ने सम्भावना देखिएकोले त्यसलाई परिवर्तन गरी अन्य व्यवस्थापन गर्नु विद्युत प्राधिकरण चितवनमा समन्वय गरी आवश्यक वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११:** देवघाट गाउँपालिकाको नयाँ प्रशासनिक भवनको झ्यालमा टप नभएको कारण वर्षातको समयमा झ्यालबाट पानी छिर्ने समस्या भएको हुँदा उक्त समस्या समाधनको लागि टप नभएको झ्याल माथि यु.पि.भि.सि.को छाना लगाउनको लागि लागत इष्टिमेट गरी आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२:** २०८१ श्रावण २५ गते शुक्रबार (9th August 2024) "३० औं विश्व आदिवासी दिवस" को अवसरमा देवघाट गाउँ कार्यपालिकाको कार्यालय एवं अन्तर्गतका कार्यालय (अत्यावश्यक सेवा बाहेक) र गाउँपालिका क्षेत्र भित्रका शैक्षिक संघसंस्थाहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

**निर्णय नं. १३:** देवघाट गाउँपालिका वडा नं. ५ स्थित दासढंगा पुलदेखि वेणी संगम हुँदै हर्दि पुलसम्मको पदमार्ग निर्माणका लागि चालु आ.व. मा समपुरक बजेट शीर्षकमा रु. २ करोड बजेट विनियोजन भई आएकोलेमा उक्त बजेटबाट ठिमुरा पक्की पुल देखि वेणिसंगम खण्डमा निर्माण कार्य गर्नको लागि ठेक्क प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

...बहादुर थापा

**निर्णय नं. १४:** देवघाट गाउँपालिकाको कार्यालय प्रयोजनको लागि आवश्यक इन्धन आपूर्तिको लागि जय गोरखकाली आयल ट्रेडर्स भरतपुर-२९ सँग सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५:** इलाका प्रहरी कार्यालय देवघाटलाई इन्धन स्वरुप मासिक ३० (तिस) लिटर र अस्थाई प्रहरी चौकी खाल्टेलाई १५ लिटर इन्धन वा सो बराबरले हुन आउने इन्धन बिल बामोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १६:** देवघाट गाउँपालिकाका निम्न स्थानीय सञ्चार माध्यमलाई जनहितमा आधारित सूचना तथा संचार र विज्ञापन वापत कार्यक्रम सम्झौता गरी आगामी गाउँ सभाको हिउँदे अधिवेशनबाट तपसिल बमोजिमको वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

तपसिल:

क) बिहानी ब्रोडकास्टिङ्ग मिडिया प्रा.लि. : रु. २,२०,००० (अक्षरुपी दुई लाख बीस हजार रुपैंया मात्र)

ख) रेडियो देवघाट : रु. २,००,०००।– (अक्षरुपी दुई लाख रुपैंया मात्र)

तिल बहादुर थापा
अध्यक्ष